**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख १९ गते**
कर्णालीमा कोभिड-१९ को प्रतिकार्यका लागि विशेष समूह गठन भएको छ ।
वैशाख १८ गते बसेको 'हेल्थ इमरजेन्सी अप्रेसन सेन्टर'को भर्चुवल बैठकले सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय तथा प्रदेश अस्पतालका विज्ञ चिकित्सक, महाशाखा प्रमुख, जन/स्वास्थ्यकर्मी, नर्स, प्यारामेडिक, ल्याब लगायतको समूह गठन गरेको हो ।
उक्त समूहले तोकिएको जिल्लामा कुनै शंकास्पद विरामी फेला पर्नासाथ आवश्यक औषधी, उपकरण सहित तत्काल जाने व्स्था मिलाइएको सामाजिक विकास मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** आठविसकोट नगरपालिकामा निर्माण भएको कोरोना विशेष अस्पताल आइसोलेसन कक्षको उद्घाटन गरिएको छ । वैशाख १८ गते एक कार्यक्रमका बीच जिल्ला समन्वय समिति रुकुम पश्चिमका प्रमुख राजकुमार शर्माले उद्घाटन गरेसंगै सेवा सुचारु भएको छ ।
शुरुमा १२ बेडको आइसोलेसन बनाउने भनिएपनि तीन बेड थप गरी १५ बेड राखिएको नगरप्रमुख गोर्खबहादुर केसीले जानकारी दिनुभयो । आइसोलेसन कक्षमा बिरामीका लागि ६ वटा सुविधा सम्पन्न कोठा, स्वास्थ्यकर्मीको छुट्टै वार्ड तथा जनरल वार्ड र आइसीयु वेड पनि राखिएको छ । उक्त अस्पतालबाट कोरोना तथा कुनैपनि सरुवा रोगको सजिलै उपचार सेवा प्रदान गर्न सकिने उहाँको भनाई छ ।

**इन्सेक कालीकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** जिल्ला प्रशासनले लकडाउनलाई खुकुलो पारेपछि स्थानीय तह, वैंक तथा वित्तीय संस्थाहरुले लकडाउन उल्लंघन गरिरहेको स्थानीयको गुनासो छ ।
वैशाख १८ गते खाँडाचक्र नगरपालिकामा रहेको ग्लोवल वैंक, जिल्ला सदरमुकाममा रहेको महवै गाउँपालिकाको सम्पर्क कार्यालयमा मास्क बिना सय भन्दा धेरै मानिसहरुको भिड लागेको स्थानीय भिमप्रसाद आचार्यले बताउनुभयो ।
गाउँपालिकाको सम्पर्क कार्यालयमा ठेकेदार, जनप्रतिनिधि र कर्मचारिको घुँइचो थियो भने ग्लोबल वैंकमा सामाजिक सुरक्षा भत्ताको खाता सञ्चालनका लागि मानिसहरुको घुइचो लागेको थियो ।
कालीकोटका प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र पौड्यालले लकडाउन उल्लंघन गर्नेलाई कार्वाही गर्ने बताउनुभयो । उहाँका अनुसार लकडाउनको कार्यान्वयनका लागि प्रहरी खटाइए पनि स्थानीय तहको अटेरी तथा व्यक्तिगत रुपमा राहत बाँड्नेहरुका कारण लकडाउन उल्लंघन भइरहेको छ ।
यस्तै शुभकालिका, सान्नित्रिवेणी रास्कोट लगायतका स्थानीय तहमा लकडाउनको समयमा पनि विकास निमार्णका कामहरु चलिरहेका छन ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** सदरमुकाममा एक किलोको ९ रुपैया पर्ने नुन बारेकोट गाउँपालिकामा ६० रुपैयामा किनबेच भैरहेको छ ।
लकडाउनमा प्रहरीका आँखा छल्दै आधाबाटो सम्म ट्याक्टरमा र त्यसपछि घोडा, खच्चडमा लिएको सरकारी अनुदानको नुन व्यापारीले ६० रुपैयामा बिक्रि गरिरहेको बारेकोट-२ ध्यारगाँउका मनवीर परियारले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेडको सदरमुकाम स्थित गोदाम र नलगाड डिपोमा नुनको अभाव नभएको भन्दै चर्को मुल्यमा बिक्री गरेको पाइए उजुरी गर्न आग्रह गर्नुभयो ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** तिला गाउँपालिका-६ का दिनेश रोकाया संखुवासभाको मकालु गाउँपालिका- ६ मा अलपत्र परेको बताउनुभएको छ । उद्धारका लागि पटक पटक गाउँका अगुवासँग आग्रह गरेपनि सुनुवाई नभएको उहाँले आरोप लगाउनुभयो ।
वडाध्यक्ष भक्तबहादुर रोकायाले उद्धार गर्न आतुर रहेको भन्दै काठमाडौंसम्म आउन पनि सक्ने अवस्था नभएको बताउनुभयो । रोकायासंगै जुम्लाका ६ जना पनि अलपत्र परेका छन् । मजदुरीको रुपमा संखुवासभा पुगेका उनीहरु ज्याला नपाउँदा फर्किन नसकेको दुःखेसो गरेका छन् ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाले सल्यानका दशवटै स्थानीय तहमा थर्मल गन हस्तान्तरण गर्नु भएको छ । जिल्ला विपद व्यवस्थापन समिति सल्यानको वैठकमा मन्त्री ज्वालाले कोरोना रोकथाम तथा नियन्त्रणका लागि सवै तहको सहकार्य जरुरी रहेको बताउनुभयो ।
यस्तै वनगाड कुपिण्डे नगरपालिकाले स्थापना गरेको कोरोना विशेष विपद् कोषमा वातावरण बहुउद्धेश्यीय सहकारी सेवा केन्द्र सल्लि बजारले ४० हजार सहयोग गरेको छ ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** नेत्रविक्रम चन्द्र (विप्लव) समूहका वैकल्पिक केन्द्रीय सदस्य बालाराम सुनार (हिमाल) लाई प्रहरीले पक्राउ गरेको छ ।
कोरोना त्रासका कारण केही दिन अघिदेखि होम क्वारेन्टाइनमा बसिरहेका उनलाई प्रहरीले वैशाख १८ गते बिहान वीरेन्द्रनगर ४ स्थित घरबाटै पक्राउ गरेको हो । पक्राउ परेका सुनारलाई नियन्त्रणमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**